समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## इलाम

Green Ilam

कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८२/८३

चलानी नः १६६१

मितिः २०८३/०२/१२

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयमा रिक्त तपसिलको तह र विषयको शिक्षक पदपूर्तिका लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०८३/०२/११ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरूले **मिति २०८३/०२/२६ गतेसम्म कार्यालय समयभित्र** फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं | विद्यालयको नाम | तह/श्रेणी | विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १०/०८२/८३ | साङरुम्बा माध्यमिक विद्यालय, इलाम – १२ | माध्यमिक तृतीय | अंग्रेजी | १ | रिक्त दरबन्दी |
| २. | ११/०८२/८३ | शारदा माध्यमिक विद्यालय, इलाम – ३ | माध्यमिक | गणित | १ | शिक्षण सहयोग अनुदान |
| ३. | १२/०८२/८३ | शारदा माध्यमिक विद्यालय, इलाम – ३ | निम्न माध्यमिक | नेपाली | १ | रिक्त दरबन्दी |

**आवश्यक न्यूनतम योग्यताः**

**१. माध्यमिक तह तृतीय श्रेणीको लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ग. माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**२. निम्न माध्यमिक तह तृतीय श्रेणीको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**३. आवश्यक कागजात तथा अन्य जानकारी**

क. नेपाली नागरिकता प्रमाणपत्र र आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।

ख. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

ग. २ प्रति पासपोर्ट साइजको फोटो।

घ. आवेदन दस्तुरः माध्यमिक तहको लागि रु. १००० र निम्न माध्यमिक तहको लागि रु. ७००।

ङ. परीक्षाको किसिमः लिखित, अन्तर्वार्ता र प्रयोगात्मक।

क्रमशः

२०८३/०२/१२

च. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम।

छ. परीक्षाः **मिति २०८३/०२/३१ गते आइतबार** इलाम नगरपालिकाको कार्यालय, इलाममा बिहान ठिक १० वजेबाट हुनेछ।

ज. इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट तोकिएको शुल्क तिरेको रसिद र फाराम लिई आवश्यक कागजातहरूमा आफैंले प्रमाणित गरी फाइलिङ गरेर शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।

झ. परिक्षामा सहभागी हुन आउँदा फाराम भर्दा पेश भएका सबै कागजातहरूको सक्कल प्रति साथमा लिएर आउनु पर्नेछ।

ञ. **कार्यालयमा उपस्थित भई दरखास्त दिन नसक्ने उम्मेदवारको हकमा** देहायको प्रक्रिया पूरा गरी दरखास्त पेश गर्न सकिनेछ।

१. आवेदन फाराम इलाम नगरपालिकाको वेभसाइट https://ilammun.gov.np/ बाट Download गर्ने।

२. फाराम भरी आवश्यक कागजातहरू संलग्न राखी सबै कागजातहरूमा सक्कलबमोजिम नक्कल ठिक छ भनी सहिछाप गरी Scan गर्ने।

३. इलाम नगरपालिकाको आन्तरिक राजस्व खाता, नेपाल बैंक लिमिटेडको खाता नं. ०४००३०००००१००१००००००१, राजश्व शीर्षक १४२२४ मा तोकिएको रकम जम्मा गरिएको भौचर scan गरी shikshashakha76@gmail.com मा आवेदन फाराम र कागजातहरू संलग्न राखी email पठाउने। **तोकिएको मितिमा परीक्षामा उपस्थित हुन आउँदा आवेदन फाराम लगायत फाराममा संलग्न गरिएका कागजातका सक्कल फाइल लिएर आउनु पर्नेछ अन्यथा परीक्षामा सामेल गराइने छैन।**

२०८३।०२।१२

राधिका घिमिरे

शाखा अधिकृत

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम – संलग्न सूचना प्रिन्ट गरी आ - आफ्नो कार्यालयमा टाँस गरिदिनु हुन।

श्री राजश्व शाखा, इलाम नगरपालिका, इलाम।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।